## निजी लगानी संरक्षण तथा प्रवर्धन रणनीति
## (Private Investment Protection and Promotion Strategy-PIPPS)

### परिच्छेद १- परिचय

#### १.१ पृष्ठभूमि

निजी क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख संवाहक हो। औद्योगिक तथा व्यावसायिक क्षेत्रमा लगानी र रोजगारी सिर्जना गर्न निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। नेपालले सन् १९९० को दशक देखि नै निजी क्षेत्रलाई अर्थतन्त्रको नेतृत्व गर्ने पक्षको रुपमा स्वीकार गरी निरन्तर प्रोत्साहन र प्रवर्धन गर्दै आएको छ। नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपश्चात् बनेको सरकारले योजनावद्ध विकासको अभ्यासको क्रममा आठौं योजना (वि.सं. २०४९-२०५४) देखि बजारमुखी अर्थतन्त्रमा रूपान्तरण गर्ने नीति लिएको देखिन्छ। निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिन (Engine of Economic Growth) को रुपमा अङ्गीकार गर्दै लगानी, विकास, उत्पादन र रोजगारी सिर्जनाको मुख्य संवाहकको रूपमा मान्यता दिएको पाइन्छ। त्यस पछिका आवधिक, क्षेत्रगत र वार्षिक नीति तथा योजनाहरूमा निजी क्षेत्रको भूमिकालाई थप सशक्त र प्रभावकारी बनाउँदै लगिएको छ। नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हाँसिल गर्दै दिगो आर्थिक विकास गर्ने उद्देश्य लिइएको छ। मुलुकमा उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात प्रवर्धन, आयात व्यवस्थापन, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण र सञ्चालन, राजस्व परिचालन, मानव पुँजी विकास लगायतका क्षेत्रमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ।

नेपालको औद्योगिक तथा व्यावसायिक क्षेत्रले लामो समयदेखि राजनीतिक स्थायित्व एवम् नीतिगत स्थिरताको कमी महसुस गर्दै आएको छ। राजनीतिक द्वन्द्व एवम् अस्थिरता, सुमधुर औद्योगिक श्रम सम्बन्धको अभाव, औद्योगिक तथा लगानी सुरक्षाको कमी र नियन्त्रणमुखी एवम् परस्पर विरोधाभाषी कानूनी व्यवस्थाको कारण उद्यमी, व्यवसायी एवम् लगानीकर्ताहरुमा असुरक्षाको भावना लामो समयदेखि रहँदै आएको छ। यसबाट उत्पादन तथा उत्पादकत्व न्यून हुनु, प्रतिस्पर्धात्मक क्षमता कमजोर हुँदै जानु र दक्ष एवम् व्यावसायिक प्राविधिक जनशक्तिको कमी लगायतका कारणले आन्तरिक एवम् बाह्य लगानी दुबैमा नकारात्मक प्रभाव पर्दै आएको छ। मुलुकले औद्योगिक क्षेत्रको प्रवर्धन गर्नुको सट्टा आयातमुखी अर्थतन्त्र निर्माण हुने गरी नीतिगत तथा कानूनी प्रवन्ध गर्दै भन्सारमुखी राजस्व प्रणालीमा निर्भर हुँदा प्रत्यक्ष वैदेशिक लगानी समेत उल्लेख्य रुपमा भित्रिन सकेको छैन। जसले गर्दा तीन दशक भन्दा लामो समयदेखि कार्यान्वयनमा ल्याइएको वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाको कार्यान्वयन मार्फत

विकसित एवम् विकासशील मुलुकमा उपलब्ध पुँजी र प्रविधिलाई अपेक्षाकृत रुपमा आकर्षण गर्न सकिएको छैन।

नेपालले करिब एक दशक लामो द्वन्द्व र सोको व्यवस्थापन, राजनीतिक व्यवस्था परिवर्तन, संविधान निर्माण र संघीयताको कार्यान्वयन जस्ता कार्यहरूमा प्राथमिकता दिनुपरेकोले औद्योगिक तथा व्यावसायिक वातावरण निर्माण गरी उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जना गर्ने कार्यमा जोड दिन नसकेको देखिन्छ। विगतमा भएका विभिन्न आन्दोलन, बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधिहरुका कारण उद्योग व्यवसाय भयमुक्त वातावरणमा सञ्चालन हुन नसक्दा निजी क्षेत्रको मनोबल कमजोर भएको देखिन्छ। औद्योगिक पूर्वाधारको कमी, सहज विद्युत आपूर्तिको अभाव, सिपयुक्त दक्ष जनशक्तिको उत्पादनमा कमि, कच्चा पदार्थको न्यून उपलब्धता र उच्च ढुवानी लागत लगायतका समस्याहरुले गर्दा तुलनात्मक लाभको क्षेत्र एवम् प्रतिस्पर्धात्मक क्षमताको विकास अपेक्षित रुपमा हुन सकेन। परिणामस्वरुप मुलुकको अर्थतन्त्रमा उत्पादनमूलक क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ। देशले बारम्बार सामना गर्नुपरेको प्राकृतिक तथा मानव सिर्जित विपद्ले गर्दा कुल गार्हस्थ उत्पादनको प्रतिवर्ष करिब तीन प्रतिशत नोक्सान व्यहोर्नु परेको छ। यसबाट निजी सम्पत्तिका अलावा औद्योगिक तथा व्यावसायिक क्षेत्रमा उल्लेख्य रुपमा नकारात्मक प्रभाव परेकोले उत्थानशील अर्थतन्त्र निर्माण गरी दीगो आर्थिक विकास हाँसिल गर्ने राष्ट्रिय लक्ष्यमा गम्भीर चुनौति सिर्जना हुने गरेको छ।

नेपालले आन्तरिक तथा वैदेशिक लगानी आकर्षित गर्न विभिन्न नीतिगत तथा कानूनी सुधारका प्रयासहरू गर्दै आएको छ। औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी अभिवृद्धि गर्न औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी ऐन, विशेष आर्थिक क्षेत्र ऐन, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन लगायतका कानूनमा समसामयिक परिमार्जन गरी नीतिगत तथा कानूनी सहजीकरण गरिएको छ। नेपाल सरकारले प्रक्रियागत सरलीकरण गर्दै सेवा प्रवाह सुधार गर्न अनलाइन कम्पनी दर्ता तथा नविकरण, स्वचालित प्रणाली (Automated Route) मार्फत प्रत्यक्ष वैदेशिक लगानी स्वीकृति, लगानी सहजीकरणका लागि एकल विन्दु सेवा केन्द्र, आयात निर्यात सहजीकरणका लागि विद्युतीय प्रणालीको प्रयोग र अन्तरसम्बन्धित निकायका विद्युतीय प्रणालीबीच अन्तरआवद्धता, कम्पनीको सहज बहिर्गमनको व्यवस्था लगायतका कार्यहरु भएका छन्।

सम्वत २०८२ साल भाद्र २३ र २४ गते भएको नवयुवा पुस्ता (जेन-जी) को आन्दोलनका क्रममा मुलुकका विभिन्न स्थानमा रहेका उद्योग प्रतिष्ठान र व्यावसायिक संरचनामा भएको तोडफोड, लुटपाट, आगजनी, चोरी लगायतका घटनाहरूबाट पुगेको क्षतिका कारण उद्योगी व्यवसायीलाई हतोत्साहित पारेको छ। यस प्रकारको घटनाले औद्योगिक संरचना, व्यापारिक प्रतिष्ठान र लगानी एवम् लगानीकर्ताको सुरक्षा सम्बन्धमा गम्भीर सवाल खडा भएको छ। यस सन्दर्भमा निजी क्षेत्रका छाता संगठनहरूले औद्योगिक एवं व्यावसायिक सुरक्षाको प्रत्याभूति गर्न सरकारसँग माग गर्दै आएका छन्।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

नेपाल सरकारले देशको द्रुत आर्थिक विकास एवम् लगानी आकर्षण गर्दै उच्च दरमा रोजगारी सिर्जना गर्न निजी क्षेत्रलाई उच्च मनोबलका साथ लगानी गर्न र विश्वासको वातावरण कायम गर्ने उद्देश्यले निजी क्षेत्र संरक्षण तथा प्रवर्धन रणनीति तर्जुमा गर्न आवश्यक रहेको छ। यस रणनीति मार्फत सरकारले लगानीकर्ता र औद्योगिक तथा व्यावसायिक संरचनाको भौतिक सुरक्षासम्पत्ति , आर्थिक पुनरुत्थान ,संरक्षण, कानूनी तथा नियामकीय सरलीकरण, लगानीको संरक्षण तथा प्रवर्धन र युवा उद्यमशीलता विकास एवम् प्रवर्धन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी तत्काल कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। व्यावसायिक तथा लगानीमैत्री वातावरण निर्माणका लागि नेपाल सरकारबाट भइरहेका नीतिगत तथा संस्थागत सुधारका अतिरिक्त यस रणनीतिको कार्यान्वयनबाट औद्योगिक तथा व्यावसायिक लगानीको सुरक्षा र संरक्षणको प्रत्याभूति भई निजी क्षेत्रको मनोबल उच्च हुने र समग्र अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गते स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये निजी क्षेत्रको सुरक्षा तथा प्रवर्धन रणनीति तर्जुमा गरी लागू गर्ने कार्ययोजना समेत समाविष्ट रहेको छ।

## १.२ लगानी संरक्षण तथा प्रवर्धन रणनीतिको आवश्यकता

आन्दोलन र प्रदर्शनका क्रममा उद्योग परिसरभित्र तथा वरपर भएका लुटपाट एवम् आगजनी, श्रमिक आन्दोलन, बन्द, हड्ताल, व्यापक सामाजिक तथा राजनीतिक अस्थिरताका कारण उद्योग सञ्चालनमा अवरोध उत्पन्न हुनेगरेको र यस्ता परिस्थितिहरूले औद्योगिक उत्पादन र व्यवस्थापन प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पार्ने गरेको छ। समयक्रमसँगै सिमेन्ट उद्योग, जलविद्युत् आयोजना, औद्योगिक करिडोर, बैंक तथा वित्तीय संस्थाहरू जस्ता ठूला तथा रणनीतिक महत्वका संरचनाहरूको स्थापना हुन थालेपछि तिनको सुरक्षा सुनिश्चित गर्न प्रभावकारी सुरक्षा व्यवस्थापन तथा सुदृढ प्रबन्धको आवश्यकता महसुस हुन थालेको छ। यसै सन्दर्भमा उद्योग एवम् व्यावसायिक प्रतिष्ठानको सुरक्षित, निरन्तर र प्रभावकारी सञ्चालन सुनिश्चित गर्न सुदृढ, व्यवस्थित एवम् प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन आवश्यक भएको छ। राष्ट्रिय योजना आयोगले सम्बत् २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा भएको सार्वजनिक सम्पत्ति भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्यांकन प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदनले करिब ८४ अर्ब बराबरको भौतिक सम्पत्तिको क्षति भएको आँकलन गरेको छ। यसैगरी त्रिभुवन विश्वविद्यालयबाट "जेन-जी आन्दोलनको बुझाईः मूल कारण, बास्तविकता र सबल नेपालका लागि मार्गचित्र" विषयक अध्ययन प्रतिवेदनमा उद्योग व्यवसायलाई "शान्ति क्षेत्र" घोषणा गर्ने तथा आन्दोलनलगायतका परिस्थितिमा उद्योगहरूको सुरक्षा सुनिश्चित गर्न "औद्योगिक सुरक्षा विधेयक" तर्जुमा गर्न सुझाव दिइएको छ। नेपाल सरकारले विगतमा औद्योगिक तथा व्यावसायिक सुरक्षा सुदृढीकरणका लागि विभिन्न कानूनी तथा नीतिगत प्रयासहरू गरेको भएतापनि कार्यान्वयन पक्ष प्रभावकारी भएको पाइदैन। सुरक्षा निकायहरूको सीमित स्रोत, समन्वयको अभाव तथा स्थलगत रुपमा कार्यान्वयनको अलमल एवम् स्पष्ट रणनीतिको अभावका कारण औद्योगिक क्षेत्र अझै पनि संवेदनशील अवस्थामा रहेको छ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

लगानी प्रवर्धनका लागि महत्त्वपूर्ण रहेका कानूनी प्रबन्धले औद्योगिक लगानी तथा व्यवसायमैत्री वातावरण निर्माणको लक्ष्य राखेको भए तापनि भौतिक सुरक्षासम्बन्धी प्रभावकारी कार्यान्वयन संयन्त्रको अभाव रहेको देखिन्छ। औद्योगिक प्रतिष्ठानहरूको भौतिक सुरक्षा तथा निर्वाध सञ्चालनको सुनिश्चितता गर्न, लगानीकर्तामा विश्वास अभिवृद्धि गरी आन्तरिक तथा वैदेशिक लगानी आकर्षित गर्न, सुमधुर श्रम सम्बन्ध कायम गर्न, उत्थानशील अर्थतन्त्र निर्माण गर्न, सरकारी निकाय, सुरक्षा संयन्त्र र निजी क्षेत्रबीच प्रभावकारी समन्वय स्थापना गरी सुरक्षित लगानीको वातावरण निर्माण गर्न आवश्यक देखिएको छ।

यस सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गतेको बैठकबाट शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बूँदा नं. ६० मा देशको आर्थिक स्थायित्व, लगानी वातावरण सुदृढीकरण तथा निजी क्षेत्रको विश्वास पुनर्स्थापना गर्ने उदेश्यले लगानी संरक्षण एवम् प्रवर्धन रणनीति ( Investment Protection and Promotion Strategy-IPPS) स्वीकृत गरी कार्यान्वयन गर्ने, साथै सो रणनीतिमार्फत भौतिक सुरक्षा तथा सम्पत्ति संरक्षण, आर्थिक पुनरुत्थान तथा नियामकीय सरलीकरण र लगानी प्रवर्धन तथा युवा उद्यमशीलता सम्बन्धी कार्यनीतिहरु कार्यान्वयन गर्ने कार्ययोजना रहेको छ। कार्यसूचीको बूँदा नं. ६९ मा जेन-जी आन्दोलन तथा सार्वजनिक प्रदर्शनका कारण निजी क्षेत्रको लगानी वातावरण र रोजगारीमा परेको प्रभावलाई न्यूनीकरण गर्दै सुरक्षित, स्थिर र विश्वसनीय व्यावसायिक वातावरण सुनिश्चित गर्ने उद्देश्यले निजी क्षेत्र, उद्योग व्यवसाय, बैङ्क तथा वित्तीय संस्था, साना तथा मझौला उद्यम (SMEs) र सेवा क्षेत्रको सुरक्षा तथा संरक्षणका लागि रणनीति बनाई तत्काल लागू गर्ने गरी समयबद्ध कार्ययोजनाको कार्यान्वयन गर्न नेपाल सरकारले यो रणनीति स्वीकृत गरी लागू गरेको छ। यस रणनीतिको कार्यान्वयनबाट सुरक्षित, स्थिर र लगानीमैत्री औद्योगिक वातावरण निर्माणमा सहयोग पुग्नुका साथै आन्तरिक तथा वैदेशिक लगानी अभिवृद्धि भई सुरक्षित, स्थिर र विश्वसनीय व्यावसायिक वातावरण सुनिश्चित हुने विश्वास गरिएको छ।

## परिच्छेद २- रणनीति

**२.१ दीर्घकालीन सोचः** आर्थिक समृद्धिका लागि निजी क्षेत्रको लगानी प्रोत्साहन।

**२.२ लक्ष्यः** निजी क्षेत्रको मनोबल उच्च बनाई लगानी प्रवर्धन गर्ने ।

२.३ **उद्देश्यः** यस रणनीतिका उद्देश्य देहायबमोजिम रहेका छन्:

(क) उद्योग व्यवसाय सञ्चालनका लागि भयमुक्त, स्थिर र विश्वसनीय वातावरण निर्माण गर्नु,
(ख) उद्योग व्यवसाय प्रवर्धन तथा लगानी संरक्षणका लागि भौतिक तथा कानूनी सुरक्षा प्रबन्ध गर्नु,
(ग) औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमा हुन सक्ने तोडफोड, आगजनी, बन्द हड्ताल, लुटपाट लगायत सबै प्रकारका अवाञ्छित तथा गैरकानूनी गतिविधि निरुत्साहित गर्नु,
(घ) औद्योगिक तथा व्यावसायिक लगानीको जोखिम न्यूनीकरण गर्नु,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### २.४ रणनीति

उल्लिखित सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि देहायका रणनीति अवलम्वन गरिनेछ:

२.४.१ औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमा भएको लगानी तथा सम्पत्तिको संरक्षण र प्रवर्धनको लागि कानूनी तथा भौतिक सुरक्षाको प्रवन्ध मिलाउने,

२.४.२ निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न प्रवर्धनात्मक एवम् प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,

२.४.३ व्यावसायिक तथा लगानीमैत्री वातावरण बनाई उत्थानशील र दिगो आर्थिक विकास हासिल गर्ने।

**२.५ कार्यनीति:** उल्लिखित रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति अवलम्वन गरिनेछ:

**(क) रणनीति २.४.१ सँग सम्बन्धित कार्यनीति**

१. नयाँ औद्योगिक नीति तर्जुमा गरी औद्योगिक तथा व्यावसायिक सुरक्षा प्रत्याभूत गर्ने,

२. औद्योगिक सुरक्षा सम्बन्धी विद्यमान कानूनी व्यवस्थामा समसामयिक पुनरावलोकन एवम् संशोधन गर्ने,

३. औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको भौतिक सम्पत्तिको सुरक्षाका लागि क्रमश: औद्योगिक सुरक्षा बल स्थापना गर्ने,

४. औद्योगिक कोरिडोर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम लगायतलाई शान्ति क्षेत्र घोषणा गरी उद्योग प्रतिष्ठानमा कुनै प्रकारको अवाञ्छित गतिविधि हुन नपाउने व्यवस्था गर्ने,

५. औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको सुरक्षा जोखिमका आधारमा वर्गीकरण गरी सुरक्षा प्रदान गर्ने,

६. उद्योग तथा व्यवसाय एवम् निजी सम्पत्तिको क्षतिको जोखिमका आधारमा द्रुत सुरक्षा टोली (Quick Response Team/Rapid Response Team- QRT/RRT) परिचालन गर्ने,

७. उद्योग तथा व्यवसायको सुरक्षाका लागि नजिकको सुरक्षा इकाईमा सुरक्षा सम्पर्क व्यक्ति (Security Focal Point) को व्यवस्था मिलाउने,

८. औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको भौतिक सम्पत्ति र व्यवसायमा हुन सक्ने आक्रमण, तोडफोड तथा आगजनी उपर शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्वन गर्ने,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

९. उद्योगी एवम् व्यवसायीको निजी सम्पत्ति र आवासमा हुन सक्ने आक्रमण, तोडफोड तथा आगजनीउपर शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गर्ने,

१०. वस्तु तथा सेवाको निर्वाध आपूर्ति र सेवाको सञ्चालनका लागि राजमार्ग र रणनीतिक मार्गहरूमा निरन्तर सुरक्षा गस्ती परिचालन गर्ने,

११. आन्दोलनको क्रममा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानबाट लुटिएका मालसामान फिर्ता गर्न विशेष खोज अभियान सञ्चालन गर्ने,

१२. प्रत्येक जिल्लास्थित जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) र प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (PEOC) मा रहेको हटलाइनलाई औद्योगिक सुरक्षा हटलाईनको रुपमा समेत चौबिसै घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाउने।

१३. जिल्लास्थित उद्योग व्यवसाय र प्रतिष्ठानहरुको सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू र जिल्लास्थित उद्योगी व्यवसायी संघ संस्थाका प्रतिनिधि संलग्न रहेको जिल्ला औद्योगिक तथा व्यावसायिक सुरक्षा समन्वय समिति (District Industrial & Enterprises Security Coordination Committee- DIESCC) गठन गरी औद्योगिक सुरक्षा चुनौतिहरुको नियमित समीक्षा र विश्लेषण गर्ने।

**(ख) रणनीति २.४.२ सँग सम्वन्धित कार्यनीति**

१. निजी क्षेत्रको लगानी प्रवर्धन गर्न नियामकीय व्यवस्थामा सरलीकरण र सहजीकरण गर्ने,

२. आन्दोलनका कारण आगजनी वा तोडफोड भएका निजी उद्योगी, व्यवसायीलाई व्यवसाय सञ्चालनका लागि एक आर्थिक वर्ष वा निश्चित समयसम्म प्रचलित कानून र नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था गरी छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने,

३. आगजनी वा तोडफोड वा लुटपाटमा परेका निजी क्षेत्रका व्यवसायीले व्यवसाय नवीकरण वा अनुमति पत्रको नवीकरण गर्दा लाग्ने शुल्क प्रचलित कानून र नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था गरी एकपटकका लागि छुट प्रदान गर्ने,

४. आन्दोलनको क्रममा क्षति भई पुनर्निर्माण गर्नुपर्ने उद्योग, व्यवसाय वा प्रतिष्ठानको नक्सा पास शुल्क, विद्युत तथा खानेपानी जडान शुल्क र एकीकृत सम्पत्ति कर छुट सम्बन्धमा क्षति प्रमाणित भएका उद्योग व्यवसाय वा प्रतिष्ठानलाई एकपटक समयबद्ध र तोकिएको मापदण्डका आधारमा छुट सुविधा उपलब्ध गराउने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को ... सिंहदरबार, ...

५. आन्दोलनको कारण क्षतिग्रस्त भएका निजी औद्योगिक तथा व्यावसायिक संरचना नयाँ स्थानमा स्थानान्तरण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) मात्र गर्नुपर्ने व्यवस्था गर्न वातावरण नियमावली तथा अन्य प्रचलित कानूनमा परिमार्जन गर्ने,

६. आन्दोलनको कारण क्षतिग्रस्त भएका निजी औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको पुनरुत्थानका लागि बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने,

**(ग) रणनीति २.४.३ सँग सम्वन्धित कार्यनीतिः**

१. उद्योग, व्यवसाय तथा कम्पनी दर्ता लगायतका कार्यप्रक्रिया सरलीकरणका लागि उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र कम्पनी रजिष्टारको कार्यालयको विद्युतीय सूचना प्रणालीहरुबीच अन्तरआवद्धता (Interlink) कायम गर्ने।

२. उद्योग तथा व्यवसाय सम्बन्धी सेवा प्रवाहलाई थप सरल, सहज र प्रभावकारी बनाउन विभिन्न निकायमा सञ्चालनमा रहेका विद्युतीय प्रणालीहरुबीच अन्तरआवद्धता कायम गरी एकै किसिमका कागजात शुरु निकायमा पेश गरेपछि अर्को निकायमा पेश गर्न नपर्ने गरी Auto Fill & Auto Retrieval हुने (Once - Only Principle-OOP) प्रणाली अवलम्बन गर्ने,

३. उद्योग, व्यवसायले विभिन्न तह र निकायमा भुक्तानी गर्नुपर्ने कर, शुल्क आदि भुक्तानीका लागि विद्युतीय एकद्वार भुक्तानी प्लेटफर्म (Virtual One Window Payment Platform) विकास गर्ने,

४. खानीजन्य उद्योगको प्रवर्धनका लागि खानी तथा खनिज पदार्थ सम्बन्धी, वन तथा राष्ट्रिय निकुञ्ज सम्बन्धी, वातावरण सम्वन्धी, भूमि सम्बन्धी र स्थानीय सरकार सञ्चालन सम्बन्धी कानूनहरूमा समसामयिक परिमार्जन गरी खानी अन्वेषण तथा उत्खनन इजाजत, वन क्षेत्रको भोगाधिकार, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति र रूख कटान तथा छपान र खानी क्षेत्रको जग्गा रोक्का, प्राप्ति तथा उपयोग सम्बन्धी कार्य खानी तथा भूगर्भ विभागबाट नै हुने व्यवस्था मिलाउने,

५. सार्वजनिक पूर्वाधार सेवाको दक्षता सुधार गरी व्यापारिक लजिष्टिक लागत (Trade Logistic Cost) घटाउन सार्वजनिक पूर्वाधार निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा लगानी परिचालन गर्ने,

६. मुलुकभित्र औद्योगिकीकरण र रोजगारी सिर्जनाका लागि विषयगत क्षेत्रमा पर्ने प्रभाव विश्लेषणका आधारमा औद्योगिक कच्चा पदार्थ र अन्तिम तयारी मालवस्तुमा लाग्ने भन्सार महसुलमा कम्तिमा दुई तहको फरक दर कायम गर्ने,

७. कर सम्बन्धी नीति तथा निर्दिष्ट कानूनबमोजिम प्रदान गरिएका छुट, सुविधा र सहुलियत (Exemption, Incentives/Concession) कम्तिमा पाँच बर्षसम्म स्थिर

रहने व्यवस्था गर्ने, तर प्रभाव विश्लेषणका आधारमा आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिने,

८. औद्योगिक तथा लगानी प्रवर्धनका लागि प्रदान गरिने प्रोत्साहन ( Incentives) हरू निश्चित अवधि तोकेर उपलब्ध गराउने,

९. औद्योगिक प्रतिष्ठानको Corporate Social Responsibly रकमलाई प्राथमिकताका क्षेत्रमा प्रभावकारी परिचालन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने,

१०. लघु उद्यम विकासका लागि स्थानीय तहमा सञ्चालित उद्यमशीलता विकास तथा रोजगारी सिर्जना सम्बन्धी कार्यक्रम तीन तहका सरकारको लागत साझेदारीमा सञ्चालन गर्ने,

११. लघु, घरेलु तथा साना उद्योग (MSMEs) प्रवर्धनका लागि उद्यमशिलता विकास, सीप विकास, प्रविधि अनुशरण, प्रविधि हस्तान्तरण र रैथाने प्रविधिको स्तरोन्नति सम्बन्धी कार्यक्रम बिस्तार गर्ने,

१२. नवीन सोच र प्रविधिमा आधारित वस्तु तथा सेवाको उत्पादन र नवप्रवर्तन सम्बन्धी कार्यलाई टेवा पुऱ्याउन नवयुवा पुस्ता लक्षित स्टार्टअप उद्यम कर्जा (Startup Loan) को सीमा र दायरा विस्तार गर्ने,

१३. सरकार, विश्वविद्यालय र निजीक्षेत्रको संयुक्त साझेदारी र सहभागिता (Triple Helix Model) मा व्यवसाय सम्वर्धन सेवा (Business Incubation Service) र व्यवसाय गतिवर्ती कार्यक्रम (Business Accelerator Program) सञ्चालन गर्ने,

१४. निजी क्षेत्रबाट सञ्चालित रुग्ण उद्योगको पहिचान र वर्गीकरण गरी पुनः सञ्चालनमा आउन सक्ने उद्योगको पुनरूत्थान, पुनःनिर्माण तथा व्यवस्थापनका लागि प्रचलित कानून बमोजिम छुट, सुविधा र सहुलियत उपलब्ध गराउने,

१५. नेपाल सरकारबाट रुग्ण घोषणा भएका उद्योगहरूको पुनरुत्थानका लागि कानून बमोजिम तोकिएका सेवा सुविधा र सहुलियतहरू उपलब्ध गराउने,

१६. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३२ को उपदफा ३ मा उद्योगको आवश्यकता र उद्योगको स्वीकृत स्कीम वा परियोजना प्रस्तावमा उल्लेख भए बमोजिम तोकिएको मापदण्डको अधीनमा रही नेपाल सरकारले हदबन्दीभन्दा बढी जग्गा राख्न पाउने गरी छुट दिन सक्ने र हदबन्दीभन्दा बढी जग्गा जुन प्रयोजनका लागि राख्न छुट दिइएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्न पाउने व्यवस्था रहे बमोजिम भूमि सम्बन्धी कानूनमा समेत परिमार्जन गर्ने,

१७. उद्योग विभाग, एकल विन्दु सेवा केन्द्र र प्रदेशस्तरबाट सम्पादन हुने उद्योग प्रशासन सम्बन्धी सेवालाई एकीकृत रुपमा अनलाइन माध्यमबाट सञ्चालन गर्न Industrial Management Information System -IMIS को स्तरोन्नति गरी Real Time मा एकीकृत औद्योगिक तथ्याङ्क प्राप्त हुने प्रणालीको विकास गर्ने,

१८. उद्योग प्रशासन सम्बन्धी सबै प्रकारका सेवालाई एकै स्थानबाट उपलब्ध गराउने उद्योग विभागमा स्थापना भई सञ्चालनमा रहेको एकल विन्दु सेवा केन्द्र (One Stop Service Center- OSSC) लाई क्रमशः भर्चुअल एकल विन्दु सेवा केन्द्र (Virtual OSSC) का रूपमा रूपान्तरण गर्ने,
१९. कम्पनीको दर्ता खारेजी (Company Deregistration) लाई सरलीकृत गर्न कम्पनी ऐन र दामासाही सम्बन्धी ऐनमा परिमार्जन गर्ने,
२०. लामो समयदेखि नवीकरण नभएका उद्योग, व्यवसाय, फर्म, कम्पनीहरूलाई निश्चित अवधि तोकी अद्यावधिक, नवीकरण, विवरण दाखिला र दर्ता खारेजी गर्दा लाग्ने शुल्क र दण्ड जरिवाना प्रचलित कानून र नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था गरी छुट दिने,
२१. सरकार र निजी क्षेत्र सम्वाद (Public-Private Dialogue) लाई थप प्रभावकारी बनाई निजी क्षेत्रको समस्या समाधान गर्न उद्योग वाणिज्य सम्वाद परिषद, नेपाल व्यवसाय मञ्च, औद्योगिक तथा लगानी प्रवर्धन बोर्ड, बोर्ड अफ ट्रेड, गुणस्तर परिषद, स्टार्टअप बोर्ड, उपभोक्ता हित संरक्षण परिषद लगायतका संयन्त्रहरुको बैठक नियमित रुपमा आयोजना गर्ने ।
२२. लगानी प्रवर्धनका लागि आवधिक रुपमा व्यावसायिक विश्वास सर्वेक्षण (Business Confidence Survey) गर्ने

## परिच्छेद ३- कार्यान्वयन व्यवस्था

### ३.१ कार्यान्वयन कार्ययोजना

उल्लिखित कार्यनीतिको कार्यान्वयनका लागि जिम्मेवार निकायसहितको कार्ययोजनामा व्यवस्था गरिएको छ।

### ३.२ संस्थागत व्यवस्था

३.२.१ यस रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा समन्वय गर्न देहाय बमोजिमको एक समन्वय तथा सहजीकरण समिति गठन गरिनेछः

(क) मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – संयोजक
(ख) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग क्षेत्र हेर्ने)- सदस्य
(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय – सदस्य
(घ) सचिव, अर्थ मन्त्रालय – सदस्य
(ङ) सचिव, गृह मन्त्रालय – सदस्य
(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य
(छ) प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्डको कार्यालय – सदस्य

(ज) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक – सदस्य

(झ) अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ – सदस्य

(ञ) अध्यक्ष, नेपाल उद्योग परिसंघ – सदस्य

(ट) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श – सदस्य

(ठ) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ – सदस्य

(ड) अध्यक्ष, महिला उद्यमी महासंघ नेपाल – सदस्य

(ढ) अध्यक्ष, नेपाल उद्योग व्यापार महासंघ- सदस्य

(ण) अध्यक्ष, नेपाल हस्तकला महासंघ- सदस्य

(त) महानिर्देशक, उद्योग विभाग – सदस्य

(थ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (औ.प्र. महाशाखा)– सदस्य सचिव

३.२.२ समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ। समितिको बैठक कम्तीमा छ महिनामा एक पटक र आवश्यकतानुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिले आवश्यकतानुसार अन्य सम्बन्धित सरोकारवाला निकायका पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

३.२.३ समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) रणनीतिमा उल्लिखित कार्यक्रम तथा क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत समन्वय र सहजीकरण गर्ने,

(ख) विभिन्न मन्त्रालय, निकाय, अन्तरतह तथा निजी क्षेत्रबीच समन्वय र सहकार्य सुदृढ गर्ने,

(ग) उद्यमी व्यवसायी एवम् लगानीकर्ताले भोगिरहेका समस्या तथा अवरोधहरूको पहिचान गरी शिघ्र समाधानका लागि पहल गर्ने,

(घ) औद्योगिक सुरक्षा, श्रम सम्बन्ध तथा लगानी बातावरणसँग सम्बन्धित विषयमा आवश्यक सिफ़ारिसहरू गर्ने

(ङ) रणनीति कार्यान्वयनको प्रगति नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) नीतिगत तथा कानूनी सहजीकरण र प्रक्रियागत सरलीकरणका लागि नेपाल सरकारसमक्ष सुझाव पेश गर्ने,

(छ) लगानीसम्बन्धी जोखिम, चुनौती तथा उदीयमान मामिलाहरु (Emerging Issues) को विश्लेषण गरी कार्यान्वयन गर्न निकायगत समन्वय गर्ने,

(ज) निजी क्षेत्रसँग नियमित संवाद तथा परामर्श गरी विश्वास अभिवृद्धि गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ३.३ अनुगमन तथा मूल्याङ्कन

३.३.१ यस रणनीति कार्यान्वयन सरकार र निजी क्षेत्रको संयुक्त सहभागितामा हुनेछ। यस रणनीतिको कार्यान्वयनका लागि तीनै तहका सरकारका आवधिक योजना, क्षेत्रगत नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिनेछ।

३.३.२ यस रणनीतिमा उल्लिखित कार्यनीतिहरुको निकायगत जिम्मेवारीसहितको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

३.३.३ यस रणनीति कार्यान्वयनको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ।

३.३.४ यस रणनीतिको प्रभावकारी कार्यान्वयनमा आवश्यक समन्वय र सहयोग गर्ने जिम्मेवारी निजी क्षेत्रका संघ/संस्थाहरुको हुनेछ।

### ३.४ जोखिम पक्ष

(क) कानून संशोधनको प्रक्रिया लामो हुन गई निर्धारित समयमा संशोधन/परिमार्जन नहुने,

(ख) कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था नहुने वा बजेट समयमा निकासा नहुने,

(ग) विभिन्न सरोकारवाला निकाय, जिम्मेवार निकाय र सहयोगी निकायबीच आवश्यक समन्वय नहुने,

(घ) जिम्मेवारी स्पष्ट नहुँदा काममा दोहोरोपना र जवाफदेहीताको कमि Overlapping and Accountability gap हुने,

(ङ) कार्यान्वयन गर्ने निकायको संस्थागत तथा संगठनिक क्षमता (Capacity) कमजोर भई समयमा कार्यान्वयन नहुने,

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं